# वार्षिक प्रगति प्रतिवेदन
# आर्थिक वर्ष २०८१/०८२



बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

# विषयसूची


परिच्छेदः १ परिचय.....1

१.१ परिचयः.....1

१.२ मन्त्रालयको कार्य जिम्मेवारीः.....1

१.३ संगठन संरचनाः.....3

१.४ मन्त्रालयसँग सम्बन्धित नीति, ऐन, नियमावली, कार्यविधि र मापदण्डहरुः4

१.५ मन्त्रालय र मातहतका निकायका पदाधिकारीहरुको विवरण.....5

परिच्छेद २ः प्रगति विवरण.....7

२.१ मन्त्रालय र मातहत निकायको आ.व. २०८१/८२ को वार्षिक बजेट तथा प्रगति.....7

परिच्छेद ३ः प्रमुख कार्य एवम् उपलव्धीहरु.....10

३.१ उद्योग तथा वाणिज्य दर्ता र राजस्वको समग्र अवस्था :.....10

३.२ कूल रोजगारी सिर्जनाको अवस्थाः.....12

३.३ प्रविधि हस्तान्तरणः.....14

३.४ सिप विकास तथा क्षमता अभिवृद्धि तालिमहरुको समग्र अवस्थाः.....15

३.५ बजार अनुगमन सम्बन्धी कार्यक्रमको प्रगति विवरणः.....16

३.६ नीति बजेट र कार्यक्रमगत उपलब्धिको विवरण.....17

३.७ अन्य कार्यक्रम तथा उपलब्धीहरुका केही झलकहरु.....20

परिच्छेद ४ः समस्या र समाधान.....26


----------☆☆☆----------

# परिच्छेदः १ परिचय

## १.१ परिचयः

बागमती प्रदेश नेपालका सात प्रदेशहरू मध्ये एक हो। देशको राजधानी काठमाडौँसँग जोडिएको यस प्रदेशको क्षेत्रफल २०,३०० वर्ग किलोमिटर रहेको छ । यस प्रदेशमा १३ जिल्ला, ३ वटा महानगरपालिका, १ उपमहानगरपालिका, ४१ वटा नगरपालिका र ७४ वटा गाउँपालिका गरी यस प्रदेशमा ११९ वटा स्थानीय तह रहेका छन् ।

प्रदेशभित्र औद्योगिक विकास, वाणिज्य क्षेत्रको प्रवर्द्धन र भूमिसम्बन्धी व्यवस्थापनको कामलाई प्रभावकारी बनाउने उद्देश्यसहित बागमती प्रदेश सरकार मन्त्रिपरिषद्ले मिति २०८०/०५/०५ गतेको निर्णयबाट उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको स्थापना गरिएको हो। प्रदेशमा औद्योगिकीकरण, उद्योग व्यवसायमा लगानी प्रवर्द्धन, व्यवसायिक वातावरण निर्माण, व्यापार विस्तार, भूमिको वैज्ञानिक व्यवस्थापन, उद्यमशीलता प्रवर्द्धन जस्ता कार्यहरूलाई यस मन्त्रालयले नीतिगत र संस्थागत विकास गर्दै आएको छ ।

## १.२ मन्त्रालयको कार्य जिम्मेवारीः

बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० बमोजिम यस मन्त्रालयको कार्य जिम्मेवारी देहाय अनुसार रहेका छन्ः

१. व्यापार/वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण ।

२. प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन ।

३. ढुवानी/ परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन।

४. नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता।

५. व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन।

६. खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत, संकलन, अभिलेखाङ्कन, अन्वेषण र व्यवस्थापन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संघसँग समन्वय।

७. भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी।

८. कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन

९. उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन।

१०. प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार।

११. औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन।

१२. सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।
१३. उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन एवम् सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय।
१४. मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण नियमन र सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय।
१५. संघीय मापदण्ड अनुसार स्ट्याण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन।
१६. उपभोक्ता अदालत गठन र सञ्चालन।
१७. अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय।
१८. लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान नियमन।
१९. करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन।
२०. संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन।
२१. दामासाहीमा परेका उद्योग, व्यवसायीका कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।
२२. प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन।
२३. प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन।
२४. प्रदेशभित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।
२५. औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन।
२६. उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग।
२७. स्वरोजगारको लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन।
२८. टाट पल्टेको र दामासाही सम्बन्धि।
२९. प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन।
३०. प्रदेशस्तरीय तालीम नीति तथा मापदण्ड निर्धारण र स्तरीयकरण।
३१. औद्योगिक प्रतिष्ठानहरु सञ्चालन, व्यवस्थापन तथा संघीय सरकारसँगको समन्वयमा अनुगमन तथा नियमन।
३२. भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू- उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन।
३३. निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन।
३४. जग्गादर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन।
३५. संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन।

३६. नाप नक्साका नियन्त्रण विन्दुहरुको सञ्जाल स्थापना।

३७. क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन।

३८. भूमिहीन सुकुम्बासी, दलित, मुक्त कमैया, हलिया, हरुवा चरुवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनर्स्थापना सम्बन्धी प्रादेशिक नीति, कानून मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन।


३९. सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।

४०. सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन।

४१. गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय।

## १.३ संगठन संरचनाः

स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार यस कार्यालयको संगठन संरचना यस प्रकार रहेको छ।



मन्त्रालयको स्वीकृत दरवन्दी तेरिज:

| क्र.सं. | पद | सेवा/समूह | तह | प्रस्तावित दरबन्दी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मौजुदा स्विकृत दरबन्दी | यस आ.व.मा स्विकृत अस्थायी दरबन्दी | साविकको स्विकृत दरबन्दीमा घट | साविकको स्विकृत दरबन्दीमा बढ | कायम दरबन्दी | प्रस्तावित चालु आ.व. |
| १ | प्रदेश सचिव | प्रशासन/सा.प्र. | अधिकृतस्तर एघारौं | १ | | ० | ० | ० | |
| २ | महाशाखा प्रमुख | प्रशासन | अधिकृतस्तर नवौ/दशौं | २ | | ० | ० | ० | |
| ३ | महाशाखा प्रमुख | ईन्जिनियर | अधिकृतस्तर नवौ/दशौं | १ | | ० | ० | ० | |
| ४ | अधिकृत | प्रशासन | अधिकृतस्तर सातौं/आठौं | ७ | | ० | ० | ० | |
| ५ | काम्प्युटर इन्जिनियर | इन्जिनियरिङ | अधिकृतस्तर सातौं/आठौं | १ | | ० | ० | ० | |
| ६ | वन अधिकृत | वन | अधिकृतस्तर सातौं/आठौं | १ | | ० | ० | ० | |
| ७ | लेखा अधिकृत | प्रशासन | अधिकृतस्तर सातौं/आठौं | १ | | ० | ० | ० | |
| ८ | कानून अधिकृत | न्याय | रा.प. तृतिय | १ | | ० | ० | ० | |
| ९ | तथ्याङ्क अधिकृत | प्रशासन | अधिकृतस्तर सातौं/आठौं | ० | | ० | ० | १ | |
| १० | नापी अधिकृत | इन्जि | अधिकृतस्तर सातौं/आठौं | २ | | ० | ० | ० | |
| ११ | मे.ईन्जिनियर | इन्जि | अधिकृतस्तर सातौं/आठौं | ० | | ० | ० | ० | १ |
| १२ | भू-गर्भ विद | प्राविधिक | अधिकृतस्तर सातौं/आठौं | ० | | ० | ० | १ | |
| १३ | सर्भेयर | इन्जि | सहायक पाँचौं/अ.छैठौं | २ | | ० | ० | ० | |
| १४ | सहायक/अधिकृ त | प्रशासन | सहायक पाँचौं/अ.छैठौं | ८ | | ० | ० | ० | |
| १५ | तथ्याङ्क सहायक | तथ्याङ्क | सहायक पाँचौं/अ.छैठौं | १ | | ० | ० | ० | |
| १६ | लेखापाल | प्रशासन | सहायक चौथो/पाँचौं | १ | | ० | ० | ० | |
| १७ | कम्प्यूटर अपरेटर | विविध | सहायक चौथो/पाँचौं | २ | | ० | ० | ० | |
| १८ | कार्यालय सहयोगी | प्रशासन | श्रेणी विहिन | ६ | | ० | ० | ० | |
| १९ | हलुका सवारी चालक | इन्जिनियर | श्रेणी विहिन | ४ | | ० | ० | ० | |
| | | | जम्मा | १४ | ० | ० | २ | ४३ | १ |

## १.४ मन्त्रालयसँग सम्बन्धित नीति, ऐन, नियमावली, कार्यविधि र मापदण्डहरुः

प्रमुख ऐनहरुः

१. प्रदेश व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ (संशोधन २०८१)

२. प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६, (संशोधन २०८१)

३. प्रदेश हस्तकलाग्राम सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१

कार्यविधि, निर्देशिका तथा मापदण्डः

१. प्रविधि हस्तान्तरण कार्यविधि, २०७९ (संशोधन २०८१)

२. मेला, महोत्सव, प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

३. सीप विकास पहिचान एवं तालिम संचालन सम्बन्धी कार्यविधि, २०८०

४. प्रदेशस्तरिय संयुक्त बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका, २०८०

५. नवप्रवर्तन उद्यमी सम्मान मापदण्ड, २०८०

## १.५ मन्त्रालय र मातहतका निकायका पदाधिकारीहरुको विवरण

मन्त्रालयका पदाधिकारीहरुको विवरणः

| सि.नं. | कर्मचारीहरुको नाम | पद | महाशाखा/शाखा |
|---|---|---|---|
| १ | श्री हेमराज भुसाल | प्रदेश सचिव | – |
| २ | श्री कुमार तामाङ | महाशाखा प्रमुख | प्रशासन तथा योजना महाशाखा |
| ३ | श्री महेशराज पौडेल | महाशाखा प्रमुख | उद्योग तथा वाणिज्य महाशाखा |
| ४ | श्री नवराज थापा | वन अधिकृत | वातावरण शाखा |
| ५ | श्री सरस्वती पौडेल | लेखा अधिकृत | आर्थिक प्रशासन शाखा |
| ६ | श्री सुनिल बन्जरा | अधिकृत सातौं | योजना तथा अनुगमन शाखा |
| ७ | श्री टेकेन्द्र बहादुर थापा मगर | अधिकृत सातौं | उद्योग शाखा |
| ८ | श्री मुक्तिनाथ निरौला | अधिकृत सातौं | कर्मचारी प्रशासन शाखा |
| ९ | श्री मनोज कुमार गुप्ता | कानून अधिकृत | कानून तथा फैसला कार्यान्वयन शाखा |
| १० | श्री हरि प्रसाद भट्ट | नापी अधिकृत | भूमि व्यवस्थापन तथा नक्साङ्कन महाशाखा |
| ११ | श्री अंगद लामिछाने | नापी अधिकृत | भूमि व्यवस्थापन तथा नक्साङ्कन महाशाखा |
| १२ | श्री लक्ष्मी हुमागाईं | अधिकृत छैठौं | कर्मचारी प्रशासन शाखा |
| १३ | श्री ध्रुब अर्याल | सर्वेक्षक | भूमि व्यवस्थापन तथा नक्साङ्कन महाशाखा |
| १४ | श्री निशा दाहाल | लेखापाल | आर्थिक प्रशासन शाखा |
| १५ | श्री सन्तोषी तिवारी | क.अ. | कर्मचारी प्रशासन शाखा |
| १६ | श्री रविन्द्र भट्टराई | क.अ. | उद्योग शाखा |
| १७ | श्री महेन्द्र बहादुर क्षेत्री | का.स | दर्ता चलानी शाखा |
| १८ | विजय पौडेल | ह.चा.स | |
| १९ | दल बहादुर स्याङ्तान | ह.चा.स | |
| २० | सुमित श्रेष्ठ | ह.चा.स | |
| २१ | दिपेन्द्र क्षेत्री | ह.चा.स | |
| २२ | मनोज उपाध्याय | का.स | |
| २३ | रिता देवी पन्त | का.स | |
| २४ | संजीव लामा गोले | का.स | |
| २५ | अनिसा ओझा | का.स | |
| २६ | चमेली बिष्ट | का.स | |

## निर्देशनालय तथा कार्यालय प्रमुखहरुको विवरणः

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

| क्र.सं. | कार्यालय प्रमुख | फोन नं. | इमेल विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | पुष्करचन्द्र घिमिरे | ९८४१२०८७६१ | doiccip3@gmail.com | |


जिल्लास्थित उद्योग, वाणिज्य कार्यालय प्रमुखहरुको विवरणः

| क्र.सं. | जिल्ला | कार्यालय प्रमुख | फोन नं. | इमेल विवरण |
|---|---|---|---|---|
| १ | काठमाडौ | यादवनाथ आचार्य | ०१-४२६१४५० | csiokathmandu@gmail.com |
| २ | चितवन | विनोद पौडेल | ०५६-५९४११६ | csiochitwan@gmail.com |
| ३ | दोलखा | भास्कर ढुंगाना | ०४९-४२११२६ | csidbdolakha@gmail.com |
| ४ | धादिङ | चुडामणी पुरी | ०१०-५२०१७७ | dhadingcsio@gmail.com |
| ५ | नुवाकोट | सिताराम घिमिरे | ०१०-५६०००४ | sapkotakishor9@gmail.com |
| ६ | भक्तपुर | राम प्रसाद कुस्मा | ०१-५०९२५८४ | dsci.bhaktpur@gmail.com |
| ७ | मकवानपुर | राम प्रसाद भुषाल | ०५७-५२७३३६ | csiomakawanpur@gmail.com |
| ८ | रसुवा | बृहस्पति तामाङ | ०१०-५४०१०४ | csidbrasuwa@gmail.com |
| ९ | रामेछाप | खेमराज घिमिरे | ०४८-५४००३६ | ocsi.ramechhap@bagamati.gov.np |
| १० | ललितपुर | सन्तोष मोक्तान | | csiolalitpur@gmail.com |
| ११ | सिन्धुपाल्चोक | त्रिपुरारी बखेल | ०११-६२०१२९ | sipagharelu@gmail.com |
| १२ | सिन्धुली | ध्रुब प्र.ढकाल | ०४७-५२०१२४ | csidbsindhuli@gmail.com |
| १३ | काभ्रेपलाञ्चोक | रबिन घिमिरे | ०११-४९०१५४ | csio.kavre123@gmail.com |

# परिच्छेद २: प्रगति विवरण

## २.१ मन्त्रालय र मातहत निकायको आ.व. २०८१/८२ को वार्षिक बजेट तथा प्रगति

### क) चालु र पूँजीगत बजेटको विवरण




आ.व. २०८१/८२ मा यस मन्त्रालय र अन्तर्गतका समग्र कार्यालयहरुको लागि कूल बजेट विनियोजन रु. ७३ करोड २१ लाख भएको थियो जसमा चालूतर्फ रु. ६० करोड ६ हजार र पूँजिगततर्फ रु. १३ करोड १४ लाख विनियोजन भएको थियो ।


### ख) बजेट उपशिर्षक अनुसार चालु र पूँजीगत बजेटको विवरण

| बजेट उपशीर्षक | आ.व. २०८१/८२ को कुल बजेट रु हजारमा | | |
|---|---|---|---|
| | चालु | पुंजीगत | जम्मा |
| उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय | ४,०१,६६ | २,८१,९९ | ६,८३,६५ |
| उद्योग विकास तथा बजार अनुगमन कार्यक्रम | ३५,०१,७२.४४ | २,१७,९९ | ३७,१९,७१.४४ |
| उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | २,२४,७५ | ४,३४,०० | ६,५८,७५ |
| उद्योग तथा वाणिज्य कार्यालयहरु | १३,६७,७०.४७७ | ३,६८,३५ | १७,३६,०५.४७७ |
| भूमि व्यवस्थापन तथा नक्शाँङ्कन | ५,२६,०० | ५५,०० | ५,८१,०० |

आ.व. २०८१/८२ मा  उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको बजेट संकेत ३०७ भित्र यस मन्त्रालय तथा मातहतका निकायहरुबाट वर्षभरी कार्यान्वयन हुने कार्यक्रमहरुका लागि ब.उ.शी.नं. ३०७०००११, ३०७००११२, ३०७००१२१, ३०७०१०११ तथा ३०७०१०१३ हरु स्वीकृत भएको थियो जसमा ब.उ.शी.नं. ३०७००११२ (उद्योग विकास तथा बजार अनुगमन कार्यक्रम) तर्फ ३७ करोड १९ लाख र ब.उ.शी.नं. ३०७००१२१ (भूमि व्यवस्थापन तथा नक्साङ्कन) तर्फ ५ करोड ८१ लाख विनियोजन भएको थियो।

## ग) समग्र खर्चको अवस्था:


आ.व. २०८१/८२ मा यस मन्त्रालय र अन्तर्गतका समग्र कार्यालयहरुको लागि कूल चालूतर्फ विनियोजित बजेट रु. ६० करोड ०६ हजारमा रु. ४१ करोड ९५ लाख र पूँजिगततर्फ रु. १३ करोड १४ लाख विनियोजन भएकोमा रु. १० करोड ६६ लाख गरी मन्त्रालयको कूल बजेट खर्च ७८ प्रतिशत भएको देखिन्छ ।




## घ) शीर्षकगत रुपमा बजेट खर्चको विवरण

| बजेट उपशीर्षक | आ.व. २०८१/८२ को जम्मा खर्च रु हजारमा | | |
|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा |
| ३०७०००११ उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय | ३,०८,२८ | २,१९,८५ | ५,२८,१३ |
| ३०७००११२उद्योग विकास तथा बजार अनुगमन कार्यक्रम | २३,०२,८७ | १,५३,८३ | २४,५६,७० |
| ३०७०१०११उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | १,२१,९९ | ३,३२,२२ | ४,५४,२२ |
| ३०७०१०१३उद्योग तथा वाणिज्य कार्यालयहरु | ९,८७,९२ | ३,२५,९४ | १३,१३,८६ |
| ३०७००१२१भूमि व्यवस्थापन तथा नक्शाँङ्कन | ४,७३,५२ | ३,४,४७ | ५,०७,९९ |

आ.व. २०८१/८२ मा उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको बजेट संकेत ३०७ भित्र ब.उ.शी.नं. ३०७०००११, ३०७००११२, ३०७००१२१, ३०७०१०११ तथा ३०७०१०१३ हरु स्वीकृत भएको थियो जसमा ब.उ.शी.नं. ३०७००११२ (उद्योग विकास तथा बजार अनुगमन कार्यक्रम) तर्फ २४ करोड ५६ लाख र ब.उ.शी.नं. ३०७०१०११ (उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय) तर्फ ४ करोड ५४ लाख खर्च भएको देखिन्छ जसमा उद्योग विकास तथा बजार अनुगमन कार्यक्रम तर्फ ६६ प्रतिशत र भूमि व्यवस्थापन तथा नक्शाँङ्कन शिर्षकमा ८७ प्रतिशत खर्च भएको छ।



# परिच्छेद ३: प्रमुख कार्य एवम् उपलव्धीहरु


## ३.१ उद्योग तथा वाणिज्य दर्ता र राजस्वको समग्र अवस्था :

### क. उद्योग, वाणिज्य दर्ताको अवस्था:

| उद्योग दर्ता संख्या | वाणिज्य दर्ता संख्या | जम्मा राजश्व संकलन |
|---|---|---|
| ४,७२२ | २,३८८ | रु. ३१,१२,३४,३०४ |

आ.ब. २०८१/०८२ मा यस मन्त्रालय अन्तर्गतका कार्यालयहरुमा भएका उद्योग दर्ताको संख्या ४ हजार ७ सय २२ रहेको र वाणिज्य दर्ताको संख्या २ हजार ३ सय ८८ रहेको देखिन्छ । त्यसैगरी राजस्व संकलन रु. ३१ करोड १२ लाख ३४ हजार ३ सय चार भएको उल्लेखित तालिकाबाट देखिन्छ।


### ख. आ.व २०७७/७८ देखि आ.व. २०८१/८२ सम्मको उद्योग दर्ताको तुलनात्मक तालिका




आ.व. २०७७/०७८ देखि आ.ब. २०८१/८२ सम्मको यस मन्त्रालय अन्तरगत कार्यालयहरुको उद्योग दर्ताको तुलनात्मक तालिकालाई विश्लेषण गर्दा आ.ब. २०७७/७८ मा १२ हजार ९ सय ९ वटा उद्योग दर्ता भएकोमा आ.ब. २०७८/७९ मा सो संख्या बढेर सवै भन्दा बढी १५ हजार ५ सय १ वटा पुगेको देखिन्छ । आ.ब. २०७९/८० देखि उद्योग दर्ता संख्या घट्दो क्रममा रहेको देखिन्छ । गत आ.ब. २०८१/८२ मा सवै भन्दा कम ४ हजार ७ सय २२ वटा उद्योग दर्ता भएको देखिन्छ ।

### ग. उद्योग दर्तातर्फको जिल्लागत प्रगति विवरण:


उद्योग दर्तातर्फको जिल्लागत प्रगति हेर्दा सवै भन्दा बढी उद्योग दर्ता उद्योग तथा वाणिज्य कार्यालय, काठमाण्डौंमा १ हजार ९ सय ३८ वटा र सवै भन्दा कम रसुवा जिल्लामा ३६ वटा उद्योग दर्ता भएको तालिकावाट देखिन्छ भने अन्य जिल्लाको स्थिति सामान्य देखिन्छ।




### घ. वाणिज्य दर्ता

आ.ब. २०८१/०८२ मा यस मन्त्रालय अन्तर्गतका कार्यालयहरुमा वाणिज्य दर्ताको संख्या २ हजार ३ सय ८८ रहेको देखिन्छ । वाणिज्य दर्ता तर्फको जिल्लास्थित कार्यालयहरुको विश्लेषण गर्दा उद्योग तथा वाणिज्य कार्यालय काठमाण्डौंमा सवै भन्दा बढी ८ सय २ वटा वाणिज्य दर्ता भएको देखिन्छ साथैं सवै भन्दा कम विकट जिल्ला रसुवामा १८ वटा मात्र वाणिज्य दर्ता भएको देखिन्छ।

<u>वाणिज्य दर्तातर्फको जिल्लागत प्रगति विवरणः</u>





### ङ. राजश्व संकलनको अवस्था (रु. लाखमा):




आ.ब. २०८१/०८२ मा यस मन्त्रालय अन्तर्गतका कार्यालयहरुमा भएका उद्योग तथा वाणिज्य दर्ता र नवीकरणबाट राजस्व संकलन रु. ३१ करोड १२ लाख ३४ हजार ३ सय चार भएको देखिन्छ जसमा सबैभन्दा बढी उद्योग तथा वाणिज्य कार्यालय काठमाण्डौंले रु. १२ करोड ३४ संकलन गरेको देखिन्छ भने निर्देशनालय तथा अन्य कार्यालयहरुले सोही अनुसार उद्योगको


अवस्था, स्रोत साधनको उपलव्धता आदिको आधारमा क्रमशः उल्लेख भए बमोजिम राजस्व संकलनमा योगदान पुर्याएको देखिन्छ ।

### च. <u>आ.व २०७७/७८ देखि आ.व. २०८१/८२ सम्मको राजश्व संकलन तुलनात्मक तालिका</u>





आ.ब. २०७७/०७८ देखि आ.ब. २०८१/०८२ सम्मको राजस्व संकलनको तुलनात्मक तालिका अनुसार आ.ब. २०७७/०७८ मा सवै भन्दा कम रु. १६ करोड २९ लाख ४२ हजार ७ सय ६८ राजस्व संकलन भएको र सवै भन्दा बढी राजस्व आ.ब. २०७८/०७९ मा रु.३६ करोड १३ लाख ७४ हजार ४ सय ८६ संकलन गरेको देखिन्छ । सो पश्चात समग्र रुपमा राजस्व संकलनको अवस्था थोरै मात्रामा घट्ने र बढ्ने क्रम देखिन्छ ।

## ३.२ <u>कूल रोजगारी सिर्जनाको अवस्थाः</u>




आ.ब. २०८१/०८२ मा यस मन्त्रालय तथा मातहतका कार्यालयहरुबाट जम्मा ३० हजार ९ सय ६७ रोजगार सृजना गरेको देखिन्छ जसबाट १६ हजार ५ सय ८८ महिला र १४ हजार ३ सय ७९ पूरुषले रोजगारी प्राप्त गरेको देखिन्छ। जिल्लागत रुपमा कुल रोजगारी को अवस्थालाई विश्लेषण गर्दा काठमाण्डौंमा महिला १० हजार २ सय ५० जना र पुरुष ७ हजार ८ सय ३७ जना गरी जम्मा १८ हजार ८७ जनाले रोजगारी प्राप्त गरेको देखिन्छ।


## <u>आ.व २०७७/७८ देखि २०८१/८२ सम्मको रोजगारी सिर्जनाको तुलनात्मक तालिका</u>




आ.व. २०७७/७८ देखि आ.ब. २०८१/८२ सम्मको रोजगारी सिर्जनाको उल्लेखित तुलनात्मक तालिकालाई विश्लेषण गर्दा आ.व. २०७८/७९ मा सवै भन्दा बढी रोजगारी सिर्जना भएको देखिन्छ । जसमा पुरुष २५ हजार ४ सय ९५ जना र महिला ३५ हजार २ सय ६२ जना गरी जम्मा ६०७५७ जनाले रोजगारी पाएको देखिन्छ । त्यस पश्चात हरेक आ.व. मा क्रमशः रोजगारी सिर्जना हुने क्रम घट्दो क्रममा रहेको देखिन्छ । गत आ.व. २०८१/८२ मा घटेर सवै भन्दा कम महिला १६ हजार ५ सय ८८ जना र पुरुष १४ हजार ३ सय ७९ जना गरी जम्मा ३० हजार ९ सय ६७ जनाले रोजगारी पाएको तथ्याङ्कबाट देखिन्छ ।

## <u>कूल उद्यमीहरुको अवस्थाः</u>

आ.ब.२०८१/०८२ मा यस मन्त्रालय तथा मातहतका कार्यालयहरुबाट सवै जिल्लाहरुको उद्यमीहरुको जम्मा संख्या ८ हजार ८ सय ९७ जना मध्य महिलाको संख्या ५ हजार ४९ जना र पुरुषको संख्या ३ हजार ८ सय ४८ जना रहेको देखिन्छ । जसमा सवै भन्दा धेरै उद्योग तथा वाणिज्य कार्यालय काठमाण्डौंमा महिलाको संख्या २ हजार ९ सय ८५ जना र पुरुषको संख्या १ हजार ६ सय ७२ जना गरी जम्मा ४ हजार ६ सय ५७ जना रहेको तथ्याङ्कबाट देखिन्छ भने सवै भन्दा कम उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयमा पुरुष ५ जना र महिला शून्य रहेको देखिन्छ ।




## ३.३ प्रविधि हस्तान्तरणः



उत्पादनमूलक लघु, घरेलु तथा साना उद्योगको विकासका लागि निजी क्षेत्रसँगको साझेदारीमा उद्यमीलाई प्रदान गरिने प्रविधि हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिदै आ.ब. २०८१/०८२ मा कुल ८५१ प्रविधि हस्तान्तरण गरिएको थियो।




प्रविधि हस्तान्तरणको जिल्लागत रुपमा प्रगतिको विश्लेषण गर्दा सवै भन्दा बढी उद्योग तथा वाणिज्य कार्यालय, काठमाण्डौंमा १ सय ३६ वटा रहेको र अन्य जिल्लाहरुको प्रविधि हस्तान्तरणको प्रगति पनि सन्तोषजनक रहेको देखिन्छ ।




आ.व २०८०/८१ देखि आ.व. २०८१/८२ सम्मको प्रविधि हस्तान्तरणको संख्याको तुलनात्मक तालिकालाई विश्लेषण गर्दा आ.ब. २०८०/८१ मा १ हजार १ सय ३३ वटा भएकोमा आ.ब. २०८१/०८२ मा सो संख्या घटेर ८ सय ५१ वटा मात्र भएको तालिकावाट देखिन्छ ।





## ३.४ सिप विकास तथा क्षमता अभिवृद्धि तालिमहरुको समग्र अवस्था:



उद्यमशिलता प्रवर्द्धन गर्न मन्त्रालय तथा मातहतका निकायहरुबाट आ.ब. २०८१/०८२ मा कुल ३८४ सिप तथा क्षमता विकास सम्बन्धी तालिमहरु संञ्चालन गरिएको थियो ।










यस मन्त्रालय मातहत निकायहरुबाट सञ्चालन गरिएका तालिमहरुको जिल्लागत रुपमा बिश्लेषण गर्दा सवै भन्दा बढी उद्योग तथा वाणिज्य कार्यालय, नुवाकोटको संख्या ९४ वटा रहेको देखिन्छ भने निर्देशनालयको ३ वटा रहेको देखिन्छ । अन्य जिल्लाहरुको प्रगति सामान्य रहेको देखिन्छ







## ३.५ बजार अनुगमन सम्बन्धी कार्यक्रमको प्रगति विवरण:

एकाधिकार तथा कार्टेलिङ नियन्त्रण गरी बजारमा स्वच्छता कायम गर्न उपभोक्ता सचेतना प्रवर्द्धन र बजार अनुगमन गर्ने कार्यलाई निरन्तरता दिदै आ.ब. २०८१/०८२ मा उद्योग तथा वाणिज्य कार्यालयहरुबाट जम्मा २६१ पटक बजार अनुगमन गरिएको थियो साथै बजार अनुगमनबाट रु ३७,४४,६०० राजस्व संकलन भएको थियो।



उद्योग तथा वाणिज्य कार्यालयहरुबाट भएको बजार अनुगमनको तुलनात्मक अध्ययन गर्दा सवै भन्दा बढी बजार अनुगमन उद्योग तथा वाणिज्य कार्यालय, ललितपुरले ३८ पटक अनुगमन गरेको देखिन्छ भने बजार अनुगमनबाट सवै भन्दा बढी राजस्व संकलन उद्योग तथा वाणिज्य कार्यालय धादिङले रु. १३ लाख १ हजार १ सय रुपैयाँ संकलन गरेको तथ्याङ्कबाट देखिन्छ ।




आ.व २०८०/८१ देखि आ.व. २०८१/८२ सम्मको बजार अनुगमनको तुलनात्मक तालिकालाई अध्ययन गर्दा आ.ब. २०८०/८१ मा १ सय ७१ वटा बजार अनुगमन भएकोमा सोबाट जरिवाना गर्दा रु. १२ लाख ५७ हजार राजस्व संकलन भएकोमा आ.ब. २०८१/८२ मा सो संख्या बढेर २ सय ६१ वटा बजार अनुगमन भएको र सोबाट जरिवाना गर्दा ३७ लाख ४४ हजार ६ सय रुपैयाँ राजस्व संकलन भएको देखिन्छ ।





## ३.६ नीति बजेट र कार्यक्रमगत उपलब्धिको विवरण

| आ.व २०८०/०८२मा बजेट बक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|
| प्रदेशको उद्योग तथा वाणिज्य क्षेत्रको विकास गरी औद्योगिक उत्पादन र उत्पादकत्व वृद्धि र आन्तरिक तथा बाह्य व्यापार प्रवर्द्धन गर्न प्रादेशिक औद्योगिक नीति तथा वाणिज्य नीति तर्जुमा गरिनेछ। प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ तथा प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ मा सामयिक सुधार गर्दै लगिनेछ। | १. प्रादेशिक औद्योगिक नीति तथा वाणिज्य नीति तर्जुमाको लागि मस्यौदा तयार गरी छलफलको चरणमा रहेको ।<br>२. प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ तथा प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ मा प्रथम संशोधन भई राजपत्रमा प्रकाशित भएको र कार्यन्वयनको क्रममा रहेको । |
| प्रदेशमा स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन गरी थप औद्योगिक वातावरण निर्माण गर्न प्रदेश लगानी बोर्ड गठनको लागि आवश्यक नीतिगत र कानूनी व्यवस्था गरी संस्थागत संरचना विकासको लागि रकम विनियोजन गरेको छु। प्रदेशभित्र उद्यमशीलता विकास, उत्पादकत्व अभिवृद्धि तथा उद्योग प्रवर्धन गर्ने विषयमा अध्ययन, अनुसन्धान, विकास र नवप्रर्वतनका कार्यक्रमहरु सञ्चालन गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु। | उद्यमशीलता विकास र अनुसन्धान प्रवर्द्धन गर्न उत्कृष्ट शोधकर्ता छनौट तथा सम्मान गरेको। |
| स्वदेशमै कमाऔं, स्वदेशमै रमाऔं भन्ने नारालाई आत्मसात् गरी स्वरोजगारका पर्याप्त अवसर सिर्जना गर्न प्रदेशका सबै निर्वाचन क्षेत्रमा सीप, प्रविधि हस्तान्तरण तथा परामर्श सेवासहितको उद्यमशीलता प्रवर्धन कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु। | निर्देशनालय र मातहतका जिल्लास्थित उद्योग, वाणिज्य कार्यालयहरुबाट उद्यमशीलता प्रव्रद्धनसँग सम्बन्धित तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन भएको। |
| युवाका नवीनतम सोचलाई उद्यमशीलतामा रुपान्तरण गर्नका लागि संघीय सरकारसँगको सहकार्यमा बिजनेश इन्क्युवेसन सेन्टर स्थापना गरी सञ्चालन गरिनेछ। उद्यममा युवाको सक्रिय सहभागिता बढाउन स्टार्टअप र नवप्रवर्तन | मन्त्रालयले उद्योग, वाणिज्य तथा उपभोक्ता हित निर्देशनालय मार्फत सम्वद्ध पक्षसँगको साझेदारी तथा सहकार्यमा पूर्वाधार विकास गरी Business Incubation Center स्थापनाको कार्य हुँदै आए । |

| | |
|---|---|
| कार्यक्रमलाई निजी र शैक्षिक क्षेत्रसँग सहकार्य गरी आवश्यक प्राविधिक सहयोग र बिउपुँजी उपलब्ध गराइनेछ। | |
| संघीय सरकारसँगको सहकार्यमा बागमती प्रदेशमा सञ्चालित सूचना प्रविधिसँग सम्बन्धित कम्पनीहरुलाई आइ.टी. पार्कभित्र वर्कस्टेशन सञ्चालन गर्न निःशुल्क स्थान उपलब्ध गराउने र त्यस्तो वर्कस्टेसनमा सूचीकृत भई काम गर्ने आइ.टी. कम्पनीहरुबाट उत्पादित वस्तु तथा सेवा बिक्रीको आधारमा प्रोत्साहन सुविधा उपलब्ध गराइने छ। | सूचना प्रविधिसँग सम्बन्धित कार्यलाई प्राथमितकतामा राख्दै क्रमशः कार्यसम्पादन हुने क्रममा रहेको । |
| प्रदेश सरकारका कार्यालय एवम् निकायहरुमा मौलिक उत्पादनको प्रयोगलाई प्राथमिकता दिई स्वदेशी उत्पादन प्रयोग गर्न प्रोत्साहन गर्ने कानूनी व्यवस्था मिलाइनेछ। | ऐन, कार्यविधि र मापदण्डमा सामयिक संशोधन तथा सुधार गरी मौलिक वस्तु उत्पादन विशेषका कार्यक्रम सञ्चालनको क्रममा रहेको । |
| उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी कार्यमा सूचना प्रविधिको प्रयोगलाई प्रवर्धन गर्दै व्यवसाय दर्ता, नवीकरण लगायतका कार्यलाई आगामी आर्थिक वर्षदेखि विद्युतीय माध्यमबाट अनलाइन प्रणालीमा आवद्ध गर्न आवश्यक रकम विनियोजन गरेको छु। | उद्योग Software Customization गरी विकास गर्ने क्रममा रहेको। |
| प्रदेशमा औद्योगिक प्रवर्धन गरी रोजगारी सिर्जना गर्न स्थानीय तहसँगको सहकार्यमा एक स्थानीय तह, एक उद्योग ग्राम कार्यक्रमको कार्यान्वयन गरिनेछ र सम्भाव्यता अध्ययन पूरा भइसकेका औद्योगिक ग्रामहरुको पूर्वाधार निर्माण शुरू गर्न आवश्यक व्यवस्था मिलाएको छु। | एक स्थानीय तह, एक उद्योग ग्राम कार्यक्रमको कार्यान्वयनको लागि कार्यविधि तर्जुमा गर्ने क्रममा रहेको र सम्भाव्यता अध्ययन तथा सोको सिफारिसका आधारमा कार्यान्वयनयोग्य औद्योगिक ग्रामहरुको निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखेको। |
| उत्पादनमूलक लघु, घरेलु तथा साना उद्योगको विकासका लागि निजी क्षेत्रसँगको साझेदारीमा उद्यमीलाई प्रदान गरिने प्रविधि हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरेको छु। | मन्त्रालय मातहतका निकायहरुमार्फत प्रविधि हस्तान्तरणको कार्यक्रमलाई नितन्तरता दिदै आर्थिक बर्ष २०८१/८२ मा ८५१ प्रविधि हस्तान्तरण गरिएको । |
| संघीय सरकारसँगको समन्वयमा उपभोग्य वस्तुको गुणस्तर मापन गर्न हेटौंडामा | मन्त्रालय मातहतका उद्योग, वाणिज्य तथा उपभोक्ता हित निर्देशनालय र मातहतका कार्यालयहरुबाट |

| | |
|---|---|
| प्रदेशस्तरीय खाद्य गुणस्तर परीक्षण प्रयोगशाला स्थापनाका लागि आवश्यक बजेट व्यवस्था गरेको छु। गुणस्तरीय वस्तु तथा सेवाको उपभोक्ता हक सुनिश्चित गर्न उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। | नियमित बजार अनुगमन तथा उपभोक्ता हित सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन हुँदै आएको । |
| बागमती प्रदेशको ललितपुर जिल्लामा हस्तकला ग्राम स्थापना गरी सञ्चालन गरिनेछ। राष्ट्रिय कलाधराको संरक्षण, संवर्द्धन र विकास गर्न कोशेली घर कार्यक्रमलाई निरन्तरता दिएको छु। मकवानपुर जिल्लाको हेटौंडामा निर्माणाधीन बृहत् औद्योगिक उपज प्रदर्शनी भवन निर्माण कार्यलाई आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ। नुवाकोट जिल्लामा औद्योगिक क्षेत्र स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ। | प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालन ऐन २०८१ तर्जुमा गरिएको र मकवानपुर जिल्लास्थित हेटौंडामा बृहत् औद्योगिक उपज प्रदर्शनी भवन निर्माण सम्पन्न भई सम्झौता अनुसार सञ्चालन तथा व्यवस्थापनका लागि मिति २०८२/०४/१३ गते भुटनदेवी माध्यमिक विद्यालयलाई हस्तान्तरण भइसकेको । |
| निर्यातको सम्भावना बोकेका औद्योगिक वस्तु एवं हस्तकलाका सामग्रीहरुको प्रवर्धन गर्न निर्यात व्यापार मेलाको आयोजना र हस्तकला ग्राम निर्माण गरी निर्यात प्रोत्साहन गर्ने व्यवस्था मिलाइने छ। | मन्त्रालय अन्तर्गतका उद्योग, वाणिज्य तथा उपभोक्ता हित निर्देशनालय र मातहतका जिल्ला कार्यलयबाट अन्य सरोकारवालाहरुसँगको साझेदारीमा विभिन्न व्यापार मेला तथा प्रदर्शनी आयोजना गरिएको। |
| संघीय सरकार तथा निजी क्षेत्रसँगको समन्वयमा प्रदेशभित्रका फलफूल, अन्न र जडीबुटीहरुको प्रयोग गरी स्वदेशी ब्राण्डको मदिराको उत्पादनको सम्भाव्यता अध्ययन गरिनेछ। | स्वदेशी ब्राण्डको मदिरा उत्पादन तथा सोको ब्राण्डिङका लागि सम्भाव्यता अध्ययन गरी प्रवर्द्धनको कार्य प्रक्रियामा रहेको । |
| सार्वजनिक-निजी साझेदारीमा धादिङ, रसुवा, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाका हिमाली भेगको पानीको प्रशोधन, उत्पादन र निर्यात गर्न सम्भाव्यता अध्ययन सुरु गरिनेछ। | बागमती प्रदेशका हिमाली जिल्लाहरुमा प्राकृतिक खानेपानी को उत्पादन, प्रशोधन र निर्यात गर्न प्रारम्भिक छलफल गरिएको । |
| वैज्ञानिक भू-उपयोग नीति अनुरुप सरकारी, सार्वजनिक, गुठी र व्यक्ति विशेषका जग्गाहरुको व्यवस्थित डिजिटल अभिलेख तयार गर्न आवश्यक रकम विनियोजन | १.सार्वजिनक जग्गाहरुको अभिलेखिकरणको लागि प्रादेशिक Spatial Data System को निर्माण गरिएको । |

| | |
|---|---|
| गरेको छ। साथै स्थानीय तहसँगको सहकार्यमा प्रदेश भित्र जग्गा एकीकरण तथा चक्लाबन्दी कार्यक्रम शुरु गरिनेछ। | २.चक्लाबन्दी कार्यक्रम सम्बन्धमा सम्भाव्यता अध्ययन गरी कार्यान्वयनको क्रममा रहेको । |
| मालपोत तथा नापी कार्यालयको संस्थागत क्षमता अभिवृद्धि गरी कार्यालयबाट प्रदान गरिने सेवालाई नागरिकमैत्री बनाइनेछ। | प्रदेशभित्रका मालपोत तथा नापी कार्यालयहरुमा स्रेस्ता सुधार कार्यक्रम संञ्चालन गरिएको। |

## ३.७ अन्य कार्यक्रम तथा उपलब्धीहरुका केही झलकहरु

**वार्षिक प्रगति समीक्षा गोष्ठी**








भुटनदेवी मा.वि. को औद्योगिक उपज प्रदर्शनी



कोसेली घर नीलकण्ठ न.पा.



कोशेली घर रत्ननगर नगरपालिका, चितवन



उद्योग वाणिज्य संघ रासी कार्यालय भवन निर्माण







**Business Incubation center** स्थापना उद्योग वाणिज्य संघ ललितपुर

# विभिन्न दिवस तथा सचेतना कार्यक्रम











# TOT कार्यक्रम






# उद्योग अनुगमन






# सेवाग्राहीमैत्री सेवा












माननीय मन्त्रीज्यू कार्यालयममा निरिक्षण तथा निर्देशन दिनुहुदै

श्रीमान् सचिवज्यू बाट कार्यालयको निरिक्षण

<u>सीप विकास तालिम</u>











## अन्तरक्रिया कार्यक्रम






## सफल उद्यमी सम्मान कार्यक्रम






## परिच्छेद ४ः समस्या र समाधान

**उद्योग/वाणिज्य तथा भूमि सम्बन्धी रहेका केही प्रमुख चुनौतीहरुः**

- उद्योग/वाणिज्य फर्म दर्ता र कर प्रणाली दोहोरो भएको गुनासो,
- वित्तीय स्रोत साधनको सीमितता हुनु,
- साना र टुक्रे वितरणमखी योजनाहरुको बाहुल्यता हुनु,
- उद्योग व्यवसायको गुणस्तरीयता कमजोर हुनु,
- उद्योग/वाणीज्य क्षेत्रको एकीकृत/खण्डीकृत तथ्याक अभाव,
- तालिम तथा प्रविधि हस्तान्तरणलाई नतिजामुखी बनाउन नसक्नु,
- तिनै तहका सरकारको अधिकारभित्र पर्ने भएकाले संघ, प्रदेश र स्थानीय तहबीच समन्वयमा कमी
- मन्त्रालय तथा मातहतका निकायबाट निर्माण भएका प्रदर्शनी केन्द्र र कोशेली घरहरु लगायत पूर्वाधारहरुको दिगो उपयोग गर्न नसकिनु,
- उद्योगहरुको नियमित अनुगमन नहुनु र वातावरण शुल्क कार्यान्वयन नहुनु,
- उद्योगिहरुले समयमा नवीकरण नगर्दा नवीकरण फेल भएको उद्योगको कारबाही सम्बन्धमा समस्या,
- औद्योगिक क्षेत्र/ग्राम तथा अधिकांश योजनाहरुमा जग्गा प्राप्तीमा कठिनाई ।
- तुलनात्मक लाभको क्षेत्र पहिचान गरी प्रतिष्पर्धी क्षमताको विकास गर्न नसकिनु,
- दर्ता नै नगरी व्यवसाय सञ्चालन गर्ने प्रवृत्ति विद्यमान,
- उत्पादित वस्तुको बजारीकरणमा समस्या,
- अनुदान र प्रविधिजन्य सहयोगमा दोहोरोपना आदी।

**उद्योग/वाणिज्य तथा भूमि सम्बन्धी रहेका समस्या समाधानका आगामी उपायहरुः**

- सीमित स्रोतको विनियोजन/कार्यान्वयन दक्षता विकास।
- योजना तथा कार्यक्रमहरूको प्रभावकारिता र गुणस्तरीयता।
- नतिजामा आधारित तालिम र प्राविधिक हस्तान्तरण।
- डिजिटाइजेशन र अनलाइनमा आधारित विद्युतीय सेवा।
- उद्योग/व्यापार क्षेत्रको Real Time मा आधारित तथ्यांक विकास।
- औद्योगिक प्रदर्शनी र घरेलु कुसलता घर लगायतका पूर्वाधारहरूको स्वचालित तह स्तरका सञ्जालमार्फत सेवा उपलब्ध गराउने।
- तुलनात्मक लाभका क्षेत्र पहिचान गरी लगानी प्रवर्द्धन गर्ने।

- प्रतिस्पर्धी क्षमताको विकास गरी उत्पादनको बजारिकरण गर्ने।
- डिजिटल सेवा प्रणालीः उद्योग/व्यवसाय दर्ता; नविकरण; Data Sharing।
- सहज दर्ता र समयमै नविकरणको सुविधाः अनलाइन, SMS, इमेल।
- शुल्क तथा जरिवाना भुक्तानी प्रणालीः शुल्क/जरिवाना दरसम्बन्धी स्पष्ट पहुँच
- उद्यमशीलताको विकासः तालिममार्फत सीप, व्यवसायको सुरक्षा।
- जन जनशक्तिको विकासः अनुभव आधारित प्रशिक्षण; प्रशिक्षकहरूको सूची।
- सहयोगपूर्ण तथा विनियोजित वित्तीय प्रोफाइलः अनुदान/कर छुट/सेवा शुल्क सुविधा।
- सचेतना र क्षमता प्रवर्द्धन कार्यक्रम सञ्चालनः उद्यमशीलता जागरण; प्रशिक्षण/परामर्श।
- सहयोग र बजार प्रवर्द्धनः उत्पादन व्यवस्थापन; मेला; प्रदर्शन; डिजिटल प्लेटफर्म
- सहभागितामा निरन्तरता तथा उत्साहको विकासः सल्लाह; सहजीकरण; प्रमाणपत्र; पुरस्कार।